# बीउ बिजनको प्रयोगबाट हुने हानि नोक्सानीको क्षतिपूर्ति सम्बन्धि निर्देशिका, २०७३

# र

# जफत गरिएको बीउ बिजन मूल्यांकन तथा नष्ट गर्ने निर्देशिका, २०७३


नेपाल सरकार

कृषि विकास मन्त्रालय

**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**

हरिहरभवन, ललितपुर, नेपाल

फोन नं.ः ९७७-१-५५२१३५९

फ्याक्स नं.ः ९७७-१-५५२६२७६

इमेलः sqccnepal@gmail.com

वेभसाइटः www.sqcc.gov.np

सम्पर्कः
नेपाल सरकार
कृषि विकास मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर, नेपाल

---

फोन नं.: ९७७-१-५५२१३५९
फ्याक्स नं.: ९७७-१-५५२६२७६
इमेलः sqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np

---

प्रकाशन : .............. प्रति
मिति : २०७४, .............

# बीउ बिजनको प्रयोगबाट हुने हानि नोक्सानीको क्षतिपूर्ति सम्बन्धि निर्देशिका, २०७३

# र

# जफत गरिएको बीउ बिजन मूल्यांकन तथा नष्ट गर्ने निर्देशिका, २०७३

नेपाल सरकार

कृषि विकास मन्त्रालय

**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**

हरिहरभवन, ललितपुर

# बीउ बिजनको प्रयोगबाट हुने हानि नोक्सानीको क्षतिपूर्ति सम्बन्धी निर्देशिका, २०७३

(नेपाल सरकारबाट स्वीकृत मितिः २०७३/५/१५)

**प्रस्तावना :** नेपाल भित्र बिक्री वितरण भएका गुणस्तरहीन बीउ तथा व्यवसायीको गलत सूचनाका कारण बीउ उपयोगकर्ताहरूले बेहोर्नु पर्ने आर्थिक हानि नोक्सानीको मूल्याङ्कन गरी हानि नोक्सानी पुग्ने पक्षलाई क्षतिपूर्ति भराउने कार्य पारदर्शी, सरल र स्पष्ट बनाउन आवश्यक भएकोले, बीउ बिजन नियमावली, २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "बीउ बिजनको प्रयोगबाट हुने हानि नोक्सानीको क्षतिपूर्ति सम्बन्धी निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०६९ सम्झनु पर्छ ।

(ग) "मूल्याङ्कन समिति" भन्नाले नियमावलीको नियम ३६ को उपनियम (२) अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(घ) "गलत सूचना प्रवाह" भन्नाले बीउ बिजन राखेको भाँडोमा लगाइएको लेवलमा ऐनको दफा १३ तथा नियमावलीको नियम २१ अनुसार हुनु पर्ने भन्दा फरक

विवरण राखेको वा बीउ बिजन प्रयोगकर्तालाई बीउको वास्तविक गुणस्तर भन्दा बेग्लै जानकारी दिइएको अवस्था सम्झनु पर्छ ।

(ङ) "व्यवसायी" भन्नाले ऐन तथा नियमावली अनुसार कार्यालयबाट सूचित बीउ बिजनको कारोवार गर्न अनुमतिपत्र लिएको व्यक्ति, समूह, सहकारी, कम्पनी, फर्म वा संघ संस्थालाई सम्झनु पर्छ ।

(च) "क्षतिपूर्ति" भन्नाले बीउ बिजनको गुणस्तर वा गलत सूचना प्रवाहका कारण बीउ बिजन प्रयोगकर्तालाई भएको हानि नोक्सानी वापत प्रदान गरिने नगद वा जिन्सी सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले कृषि विकास मन्त्रालय सम्झनु पर्छ ।

३. **क्षतिपूर्तिको लागि निवेदन दिने :** (१) गुणस्तरहीन बीउ बिजनको बिक्री वितरण तथा बीउको विषयमा दिइएको गलत सूचनाका कारण बीउ बिजन प्रयोगकर्तालाई हानि नोक्सानी पुग्न गएको खण्डमा बीउ प्रयोगकर्ताले क्षतिपूर्तिको लागि अनुसूची-१ अनुसारको निवेदन तयार गरी कार्यालयमा दिनु पर्नेछ । यस्तो निवेदनको साथमा उपलब्ध भएसम्मका नोक्सानीसँग सम्बन्धित प्रमाणहरू समावेश गर्नु पर्नेछ ।

(२) अनुसूची-१ बमोजिमको निवेदन प्राप्त हुन आएपछि कार्यालयले अनुसूची-२ अनुसारको दर्ता किताबमा दर्ता गरी सम्बन्धित निवेदकलाई तत्कालै अनुसूची-३ बमोजिमको जानकारी दिनु पर्नेछ ।

(३) निवेदन प्राप्त गरेपछि कार्यालयले बिभिन्न माध्यमबाट क्षतिको वास्तविकता यकीन गर्नु पर्नेछ । यदि वास्तविक रुपमै क्षति भएको हो र मूल्याङ्कन समितिमै लगी त्यसको निरुपण गर्न आवश्यक छ भन्ने

कार्यालयलाई लागेमा आफु कहाँ प्राप्त निवेदन सहितका सक्कलै कागजातहरू अनुसूची-४ बमोजिम तयार गरी कार्यालयको राय सुझाव सहित क्षति मूल्याङ्कनको लागि केन्द्रमा पठाउनु पर्नेछ ।

(४) केन्द्रमा निवेदन प्राप्त हुन आएपछि केन्द्रले समस्याको गाम्भिर्यता अध्ययन गरी कारवाहीको प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(५) निवेदन साथ केन्द्रमा प्राप्त हुन आएका कागजातहरूका आधारमा केन्द्रले बीउबाट भएको हानि नोक्सानीको क्षतिपूर्ति गर्ने उपायहरूका बारेमा विस्तृत बुझ्न बीउ बिक्री गर्ने सम्बन्धित व्यवसायी, हानी नोक्सानीमा पर्ने बीउ प्रयोगकर्ताहरू, सम्बन्धित कार्यालयका अधिकारीहरू, सम्बन्धित विज्ञ, तथा मन्त्रालयका अधिकारीहरूसँग मौखिक तथा लिखित रुपमा सरसल्लाह गर्ने तथा राय सुझाव लिने कार्य गर्नेछ । यस क्रममा यदि बीउ बिक्रेताले नोक्सानी हुने बीउ प्रयोगकर्ताको समस्या सम्वोधन गर्न इच्छुक देखिए तथा नोक्सानी हुने पक्ष त्यसमा सन्तुष्ट देखिएमा केन्द्रले दुवै पक्षका वीचमा लिखित सहमति गराई कारवाहीको प्रक्रियालाई औपचारिक रुपमा स्थगन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम बीउ व्यवसायी र बीउ प्रयोगकर्ता वीच समझदारी हुन नसकी क्षतिको वास्तविक मूल्याङ्कन गरेर नोक्सानी हुने पक्षलाई भराउनु पर्ने अवस्थाको श्रृजना हुन गएमा क्षतिपूर्ति मूल्याङ्कनसँग सम्बन्धित निर्णय लिनको लागि सम्पूर्ण कागजपत्रहरू मन्त्रालयमा पेश गर्नु पर्नेछ । क्षतिपूर्ति मूल्याङ्कन सम्बन्धी काम कारवाही अगाडी बढाउने विषयमा निर्णय गर्ने अधिकार मन्त्रालयका सचिवमा रहनेछ ।

(७) क्षति बेहोरेका बीउ बिजन प्रयोगकर्ताले क्षतिपूर्तिको लागि कार्यालयमा निवेदन दिई सकेपछि उनीहरूले आफै पनि क्षतिपूर्तिको लागि सम्बन्धित व्यवसायीसँग सहमतिको प्रयास गर्न सक्नेछन् र सहमति प्रयास

सफल भएमा निवेदकले अनुसूची-५ अनुसारको ढाँचामा पुनः निवेदन दिई अनूसूची-१ अनुसार दिएको पुरानो निवेदन फिर्ता लिन सक्नेछन् । यसरी बीउ प्रयोगकर्ताले आफुले दिएको निवेदन फिर्ता लिएको खण्डमा कार्यालयले केन्द्रलाई यथासक्य चाँडो सूचना दिई कारवाहीको प्रक्रिया स्थगन गराउनु पर्नेछ ।

(८) क्षतिपूर्ति मूल्याङ्कनको विषयमा काम कारवाही अगाडी बढाउने निर्णय भैसकेपछि सो को जानकारी केन्द्रले मूल्याङ्कन समितिलाई अनुसूची-६ को ढाँचामा गराई सम्बन्धित अन्य सरोकारवालालाई समेत सूचित गर्नेछ ।

४. **मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :** मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : -

(क) मन्त्रालय र जिल्लाका सम्बन्धित सरोकारवालासँग सम्पर्कमा रही क्षतिको मूल्याङ्कन गर्ने,

(ख) आवश्यकता अनुसार बैठक बसी क्षतिपूर्ति मूल्याङ्कन योजना तयार गर्ने,

(ग) समितिका पदाधिकारीहरूले क्षति भएको सम्बन्धित जिल्लाको वरिष्ठ कृषि विकास अधिकृतसँग सम्पर्क राखी क्षतिको स्थलगत अवलोकन गरी जानकारी लिने,

(घ) बीउको कारणबाट हानि नोक्सानी हुने पक्ष र त्यस्तो बीउ आपूर्ति गर्ने पक्षका वीचमा लिखित सहमति भै क्षतिपूर्ति मूल्याङ्कन कार्यलाई स्थगन गर्न अनुरोध भै आएमा वा अन्य कुनै कारणवश क्षतिपूर्ति मूल्याङ्कन सम्बन्धी कार्य स्थगन गर्नु परेमा मूल्याङ्कन समितिले मन्त्रालयका सचिवज्यूलाई जानकारी गराई मूल्याङ्कनको

कार्यलाई वीचैमा स्थगन गर्न सक्नेछ। यस्तो अवस्थामा मूल्याङ्कन समितिले अनुसूची-७ अनुसार मुचुल्का गर्नु पर्नेछ। त्यस्तो मुचुल्कामा सम्बन्धित मूल्याङ्कन समितिका पदाधिकारीहरू, बीउ बिजन प्रयोगकर्ता र आपूर्तिकर्तालाई सहीछाप गराउने र सहीछाप गर्न नमानेमा कैफियतमा खुलाई सो को जानकारी सम्बन्धित बीउ बिजन प्रयोगकर्ता, व्यवसायी, कार्यालय र केन्द्रलाई दिने,

(ङ) प्राप्त निवेदनमा उल्लिखित क्षतिको कारण जस्तैः जातीय शुद्धता, भौतिक शुद्धता, उमारशक्ति, स्वास्थ्य र गलत सूचना प्रवाह आदिलाई विभिन्न भागमा वर्गीकरण गरी मूल्याङ्कन गर्ने,

(च) हानि नोक्सानीको प्रकृति निक्यौंल गर्ने। उदाहरणको लागि खेतमा छरेको बीउ राम्रोसँग उम्रिएन भने कति प्रतिशत जति उम्रेको छ ? खेतको अवस्था कस्तो छ ? बीउ छरेपछिको मौसमी अवस्था कस्तो रह्यो ? बीउ कहिले उत्पादन भएको थियो ? बीउ दर कति प्रयोग भएको थियो ? सिफारिश बीउ दर कति हो ? बीउको प्याकेटमा लगाइएको लेवलमा उमारशक्ति कति उल्लेख गरिएको छ ? जस्ता कुराहरूको आधारमा बीउ राम्रोसँग नउम्रनुको कारण पत्ता लगाउने,

(छ) आवश्यक परेमा बीउ बिजन प्रयोगकर्तासँग बाँकि रहेको बीउ बिजनको नमूना वा बीउ बिजन व्यवसायीले बिक्री वितरण गरी राखेको सोही बाली, जात, स्तर र लटको बीउबिजनको नियमानुसार नमूना सङ्कलन गरी परीक्षणको

लागि केन्द्रिय वा क्षेत्रिय बीउ बिजन परीक्षण प्रयोगशाला वा केन्द्रले तोकेको प्रयोगशालामा पठाउने र

(ज) निवेदन प्राप्त गर्दा क्षति बराबरको रकम उल्लेख छ भने त्यसको पुनरावलोकन गर्ने, यदि छैन भने समितिले यकीन गरी कुन कुन श्रोतबाट क्षतिपूर्ति भराउन उपयुक्त हुन्छ सिफारिस गर्ने ।

**५. <u>क्षतिपूर्तिको मूल्याङ्कन र कार्यविधि</u> :**(१) क्षतिपूर्तिको लागि प्राप्त निवेदनसाथ संलग्न विवरणहरू सत्य भए नभएको जाँचबुझ कार्यालयबाट गरी सत्य ठहरिएमा मात्र मूल्याङ्कनको प्रक्रियामा लग्नु पर्नेछ। संलग्न विवरणहरू तथ्यमा आधारित रहेको नपाइएमा मूल्याङ्कनको प्रक्रियामा नलैजाने र सोको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

(२) क्षति मूल्याङ्कन गर्न खेतबारीमा प्रयोग भएको बीउ बिजनको मूल्य, बीउको ढुवानी लागत, खेत तयारी खर्च, प्रयोग गरिएको मलखाद र रासायनिक विषादी, बाली उत्पादनको अवस्था समेतलाई आधार मानिनेछ ।

(३) मूल्याङ्कन समितिले यथासक्य छिटो खेतबारीको स्थलगत निरीक्षण गरी आवश्यकता अनुसार बैठक राखेर छलफल गरी समिति गठन गर्ने निर्णय भएको ३० दिनभित्र अनुसुची-८ बमोजिमका कुराहरूलाई आधार मानी मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) मूल्याङ्कन समितिले क्षतिपूर्तिको मूल्याङ्कन गरी अन्तिम प्रतिवेदन राष्ट्रिय बीउ बिजन समिति र सम्बन्धित पक्षलाई उपलब्ध गराउनेछ ।

(५) मूल्याङ्कन समितिको निर्णय उपर कुनै पक्षलाई चित्त नबुझेमा क्षतिपूर्ति निर्धारण भएको मितिले ३५ दिन भित्र आफ्ना आधार, कारण एवम्

प्रमाणहरू खुलाई अनुसूची-९ बमोजिम राष्ट्रिय बीउ बिजन समिति समक्ष निवेदन दिन सक्नेछन् । समितिको निर्णय अन्तिम हुनेछ ।

६. **<u>क्षतिपूर्ति भुक्तानी</u> :** मूल्याङ्कन समितिले व्यवसायीबाट भराउने गरी तोकेको निर्धारित क्षतिपूर्तिको रकम राष्ट्रिय बीउ बिजन समितिले सम्बन्धित व्यवसायीलाई पत्र लेखी पत्र प्राप्त भएको मितिले ३० दिन भित्र सम्बन्धित पिडितले पाउने गरी भुक्तानी गर्न लगाउनेछ। यसरी भुक्तानी गर्न लगाइएको रकम समयमा भुक्तानी नगरी आलटाल गरेमा असुल उपर गर्नको लागि व्यक्तिगत लेनदेन सरह कारवाही अगाडी बढाउने हक पिडितलाई हुनेछ ।

७. **<u>निर्देशिकामा संशोधन</u> :** यो निर्देशिकामा राष्ट्रिय बीउ बिजन समितिको सिफारिसमा नेपाल सरकारले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

# अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## <u>बीउ प्रयोगकर्ताले क्षतिपूर्तिको लागि दिने निवेदन</u>

श्री प्रमुखज्यू,

जिल्ला कृषि विकास कार्यालय

.................................... ।

### विषय : <u>क्षतिपूर्ति उपलब्ध गराई पाऊँ</u> ।

महोदय,

उपरोक्त सम्बन्धमा मैले/हामीले ..............................................कम्पनी/संस्थाबाट मिति.......................... मा खरिद गरी ल्याएको तपसिलमा उल्लेख भएको बीउ बिजन मिति......................... मा खेतबारीमा लगाएकोमा तपसिलमा उल्लिखित समस्या देखिएकोले आवश्यक मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराई पाउनको लागि हार्दिक अनुरोध गर्दछु/छौँ । उक्त बीउ बिजन खरिद गर्दाको बील तथा बीउको थैला/प्याक/बट्टा वा त्यसमा भएको निस्साको प्रतिलिपि पनि यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु/छौँ ।

निवेदक<br>
दस्तखत :<br>
नाम :<br>
ठेगाना :<br>
मिति :

**बीउ बिजनको विवरण**

बालीको नाम र जात : बीउको स्तर :<br>
खरिद मिति : बीउ बिजन बिक्री गर्ने कम्पनी :<br>
ठेगाना :<br>
बीउको परिमाण : मूल्य रू. :<br>
बील नं. र मिति :

**समस्याको विवरण (चिन्ह लगाउने)**

१. जातीय शुद्धता २. भौतिक शुद्धता<br>
३. उमारशक्ति<br>
४. बीउको स्वास्थ्य<br>
५. अन्य ............<br>
गलत सूचना (के हो उल्लेख गर्ने)......................................................

# अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## बीउ बिजनको प्रयोगबाट भएको हानि नोक्सानीको क्षतिपूर्ति सम्बन्धी निवेदन दर्ता किताब

जिल्ला कृषि विकास कार्यालय,

................................

| दर्ता नं मिति | निवेदनको च.नं र मिति | निवेदन पेश गर्ने संस्था/व्यक्ति र ठेगाना | क्षतिको कारण | | | | | | बीउ बिजन खरिद विवरण | | | | | | | निवेदनको अवस्था (कहाँ) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जातिय शुद्धता | भौतिक शुद्धता | उमारशक्ति | स्वास्थ्य | गलत सूचना | अन्य ........ | बिक्रेता को नाम | बाली | जात | स्तर | परिमाण | रसिद नं र मिति | खरिद मूल्य | जि.कृ.वि.का. | मूल्यांकन समिति | रा.बी.बि.स. | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची-३**

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**क्षतिपूर्तिको लागि निवेदन प्राप्त भएको जानकारी फाराम**

जिल्ला कृषि विकास कार्यालय,

.................................

श्री..............................

..................................

**विषयः क्षतिपूर्ति सम्बन्धी निवेदन प्राप्त भएको जानकारी बारे ।**

महाशय,

उपरोक्त सम्बन्धमा तपाई(हरू)ले मिति ..................... मा दिनु भएको क्षतिपूर्ति सम्बन्धी निवेदन यस कार्यालयमा प्राप्त भएको ब्यहोरा जानकारी गराउँछु । पेश भएको निवेदनमा संलग्न बाहेक अन्य विवरण आवश्यक परेमा यस कार्यालयबाट वा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रबाट माग भएका बखत उपलब्ध गराई बीउबाट भएको हानि नोक्सानीको क्षतिपूर्ति मूल्याङ्कन गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुनेछ भन्ने आशा राखेको छु ।

**प्रमाणित गर्ने**

कर्मचारीको नाम :

पद :

दस्तखत :

मिति

## अनुसूची-४

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

## क्षतिपूर्ति मूल्याङ्कनको लागि निवेदन केन्द्रमा पठाउने पत्र

जिल्ला कृषि विकास कार्यालय,

....................................

श्री प्रमुख बीउ विकास अधिकृतज्यू,
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र,
हरिहरभवन, ललितपुर ।

**विषयः क्षतिपूर्ति मूल्याङ्कनको लागि निवेदन पठाईएको बारे ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस जिल्ला अन्तरगत तपसिलमा उल्लिखित निवेदकहरूले ...... ( व्यवसायी) ले आपूर्ति गरेको ........... बालीको ........... जातको बीउ बिजनको गुणस्तरमा भएको कमी कमजोरी/गलत सूचना प्रवाहका कारणले बाली उत्पादन बिग्रन गई आर्थिक क्षति पुगेको हुँदा क्षतिपूर्ति दिलाई पाउँ भनी यस कार्यालयमा मिति ................ मा निवेदन दिनु भएको छ। सो निवेदन सम्बन्धमा यस कार्यालयबाट लिइएको प्रारम्भिक जानकारी अनुसार मूल्याङ्कन समितिबाट हानि नोक्सानीको मूल्याङ्कन गराई कारवाही किनारा लगाउनु पर्ने देखिएकोले निवेदकहरूले दिएको सक्कलै निवेदन तथा निवेदनसँगै पेश गरेको तल उल्लिखित कागजातहरू यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

तपसिल

| क्र.सं | निवेदकको नाम | ठेगाना | हानि नोक्सानीको विवरण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**पत्रसाथ संलग्न कागजातहरू**

१. ..................................  २. .................................

३. ................................  ४. ................................

दस्तखत : ......................

दर्जाः कार्यालय प्रमुख

नाम :

मिति :

## अनुसूची-५

(दफा ३ को उपदफा (७) सँग सम्बन्धित)

## क्षतिपूर्तिको लागि दिइएको निवेदन फिर्ता माग्न दिने निवेदन

श्री प्रमुखज्यू
जिल्ला कृषि विकास कार्यालय
................................... ।

**विषयः क्षतिपूर्तिको लागि पेश गरेको निवेदन फिर्ता पाउँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा मैले/हामीले ..................................कम्पनी/संस्थाबाट मिति.......................... मा क्षतिपूर्ति उपलब्ध गराई पाउनको लागि पेश गरेको निवेदन यस कार्यालयमा मिति ................मा दर्ता भएको जानकारीपत्र प्राप्त भईसकेकोमा हालै बीउ बिजन व्यवसायी श्री ................ सँग मिति .....................मा भएको सहमति अनुसार निज व्यवसायी बीउ बिजनबाट भएको हानि नोक्सानीको क्षतिपूर्ति उपलव्ध गराउन मञ्जुर भएकाले मैले/ हामीले यस कार्यालयमा पेश गरेको उक्त निवेदन फिर्ता गराई पाउनको लागि व्यवसायीसँग भएको सहमतिपत्रको प्रतिलिपि समेत यसै पत्रसाथ संलग्न राखी अनुरोध गर्दछु/छौं ।

**निवेदकको**
दस्तखत :
नाम :
ठेगाना :
मिति :

## अनुसूची-६

(दफा ३ को उपदफा (८) सँग सम्बन्धित)

**क्षतिपूर्ति मूल्याङ्कनको प्रक्रिया अगाडी बढाउने जानकारी**

बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

हरिहरभवन, ललितपुर

श्री संयोजकज्यू,
क्षतिपूर्ति मूल्याङ्कन समिति,
राष्ट्रिय बीउ बिजन समितिको सचिवालय,
हरिहरभवन, ललितपुर ।

**विषय : क्षतिपूर्ति मूल्याङ्कनको प्रक्रिया अगाडी बढाउने बारे ।**

महाशय,

उपरोक्त सम्बन्धमा जिल्ला कृषि विकास कार्यालय, .................... ले उक्त जिल्लामा श्री ........................ ................(व्यवसायी) ले आपूर्ति गरेको ......... बालीको ............ जातको बीउ प्रयोग गर्दा बाली उत्पादन बिग्रन गई हानि नोक्सानी भएको भनी बीउ प्रयोगकर्ता किसानहरूले दिएको निवेदनमा मूल्याङ्कन समिति मार्फत कारवाही किनारा लगाउन उपयुक्त देखिन्छ भन्ने सुझाव सहित यस केन्द्रमा पठाएको पत्र उपर कारवाही हुँदा मन्त्रालयका श्रीमान् सचिवज्यूको स्तरबाट मिति ................. मा क्षतिपूर्ति मूल्याङ्कन समिति मार्फत सो को सत्यतथ्य छानवीन गरी क्षतिपूर्तिको प्रक्रिया अगाडी बढाउने निर्णय भएकाले सो विषयसँग सम्बन्धित निर्णय तथा प्राप्त कागजातहरू यसै पत्रसाथ संलग्न राखी पठाएको छु। क्षतिपूर्ति मूल्याङ्कन समितिको बैठक राखी क्षतिपूर्ति मूल्याङ्कन सम्बन्धी आवश्यक कारवाही अगाडी बढाउनु हुन अनुरोध गर्दछु ।

दस्तखत :

नाम :

दर्जा :

मिति :

**बोधार्थ**
श्री जिल्ला कृषि विकास कार्यालय, .......
श्री ...........................
श्री ........................... (बीउ प्रयोगकर्ता)
श्री ........................... (बीउ आपूर्तिकर्ता)
श्री ............................

# अनुसूची-७

(दफा ४ को खण्ड (घ) सँग सम्बन्धित)

## क्षतिपूर्ति प्रकृया स्थगन गर्ने मुचुल्का

क्षतिपूर्ति मूल्याङ्कन समिति

**विषय : मुचुल्का सम्बन्धमा ।**

बीउ बिजन नियमावली, २०६९ को नियम ३६ को उपनियम (२) मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समितिले नेपाल सरकार (सचिव स्तर) को मिति ......................... को निर्णय अनुसार गर्दै आएको जिल्ला कृषि विकास कार्यालय, ....................... मार्फत प्राप्त बीउ बिजनका कारण भएको हानि नोक्सानीको क्षतिपूर्ति मूल्याङ्कन सम्बन्धी कार्य तपसिलमा उल्लिखित कारणले गर्दा मिति ......................... देखि स्थगन गरिएको छ ।

**तपसिल**

मूल्याङ्कन सम्बन्धी कार्य स्थगन गर्नु पर्नाका कारण

१.

२.

३.

४.

५.

**क्षतिपूर्ति मूल्याङ्कन समितिका पदाधिकारीहरू**

| क.सं. | नाम, थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**सम्बन्धित बीउ बिजन प्रयोगकर्ता र व्यवसायी**

| क.सं. | नाम, थर | बीउ बिजन प्रयोगकर्ता/ व्यवसायी | कार्यालयको नाम र ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | बीउ बिजन प्रयोगकर्ता | | |
| २ | | ............................. | | |
| ३ | | बीउ बिजन व्यवसायी | | |

## अनुसूची-८

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

## क्षतिपूर्ति मूल्याङ्कन फाराम

क्षतिपूर्ति मूल्याङ्कन समितिको सचिवालय

हरिहरभवन, ललितपुर

पत्र प्राप्त भएको मिति :
निरीक्षण मिति :
क्र. सं. :

**विवरण**

१. सिकायत गर्नेको नाम र ठेगाना :

२. बीउ खरिदको समयमा खरिदकर्ता र बिक्रेता वीच आदानप्रदान भएका बीउ सम्बन्धी जानकारीहरू (खरिदकर्ताको मुखबाट) :

३. बीउ बिजनको प्रयोगबाट भएको हानि नोक्सानी (सिकायतमा उल्लेख भएबमोजिम) :

४. बीउ बिजन खरिद विवरण

क) बाली ............ ख) जात ................

ग) स्तर ................. घ) लट नं. ..................

५. बीउ बिजन खरिद मिति :

६. बीउ बिजन खरिद परिमाण :

७. बीउ बिजन खरिद गरिएको व्यवसायीको नाम र ठेगाना:

८. बीउ बिजन प्रयोगकर्ताले बीउ बिजन लगाउनु पूर्व कहाँ, कसरी र कहिलेसम्म बीउ बिजन भण्डार गरेको हो सोको विवरण :

..........................................................................................

९. बीउ बिजनमा लगाइएको ट्यागमा उल्लिखित विवरण :

क) उत्पादन भएको वर्ष :

ख) परीक्षण/पुनः परीक्षण मिति :

ग) हालको गुणस्तर स्थिति :

१०. बीउ बिजन लगाइएको क्षेत्रफल (हे.) :

११. बीउ बिजन लगाइएको मिति :

१२. बीउ बिजन लगाइएको माटोको किसिम (चिम्ट्याइलो, दोमट, बलौटे, बलौटे दोमट, ईत्यादि) :

१३. बीउ बिजनको ब्याडको प्रकार (धुले, हिले,.......) :

१४. ब्याडको अवस्था : (धेरै मिहिन, मिहिन, डल्लाडुल्ली, झारपात, रोगकीराको प्रकोप) :

१५. बीउ लगाएदेखि बीउ उम्रनु अघि पानी पर्‍यो कि परेन? यदि पर्‍यो भने बीउ छरेको कति दिनपछि ?

१६. बीउको ब्याडमा माथिल्लो सतहमा वर्षातको पानीले कडा तह बनाएको छ कि छैन?

१७. बीउ रोपेको गहिराई कति छ? आवश्यक परे खोतलेर हेर्ने :

१८. बीउ बिजनबाट टुसा निस्केको तर माटो बाहिर नआएको अवस्था के छ?

१९. के बीउ बिजन कीराको प्रकोप, सुक्ष्म जीवाणु वा अन्य किसिमको असरबाट कुहिएको छ?

२०. बेर्ना सारेको मिति :

२१. बालीको वर्तमान अवस्था सम्बन्धी विस्तृत विवरण :

२२. खेतको लेभल (समथर, भिराले, अग्लो होचो, दबिएको,...........) :

२३. खेतमा निकासको व्यवस्था :

२४. मलखाद प्रगोग गरेको समय, परिमाण, र तरिका :

२५. सिंचाईको स्रोत र पर्याप्तता :

२६. निरीक्षणको समयमा खेतमा चिस्यानको अवस्था :

२७. बीउ छरेदेखि निरीक्षण गरेको दिनसम्मको मोटामोटी मौसमी अवस्था :

२८. बाली राम्रो तर फूल नलाग्ने, बाला ननिस्कने, दाना नभरिने एवम् फल तथा दाना नलागेको भए सोको सम्भाव्य कारणहरू :

२९. निरीक्षण टोलीका सदस्यहरूको निचोड :

..............................................................................

**क्षतिपूर्ति मूल्याङ्कन समितिका पदाधिकारीहरूको**

| पद | नाम | कार्यालय र ठेगाना | दस्तखत |
|---|---|---|---|
| संयोजक | श्री | | |
| सदस्य | श्री | | |
| सदस्य | श्री | | |
| सदस्य | श्री | | |

मिति :

**नोट :**

१. निरीक्षणको क्रममा बीउको जातीय शुद्धता, भौतिक शुद्धता, उमारशक्ति, र स्वास्थ्यसँग सम्बन्धित कारणहरूले गर्दा नोक्सानी हुन गएको महशुश गरिएमा र किसानले प्रयोग गरेको बीउ वा बिक्रेतासँग बाँकि रहेको सोही लटको बीउ उपलब्ध हुन सक्ने अवस्था रहेमा त्यस्तो बीउको प्रयोगशाला परीक्षण तथा Grow out test गरी निचोडमा पुग्नु पर्नेछ ।

२. मूल्याङ्कनको क्रममा बीउ बिजनको गुणस्तर र गलत सूचना प्रवाहको कारण बाहेक अन्य कारणहरू जस्तैः खराब मौसम, सिँचाईको असर, वातावरणीय प्रभाव, रोग तथा कीराको प्रकोप, प्रयोगकर्ताको लापरवाही जस्ता कुराहरू पाइएमा ती कुराहरू खुलाई क्षतिपूर्ति दिनु नपर्ने भए सो समेत जनाई दिनु पर्नेछ ।

# अनुसूची-९

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

## क्षतिपूर्तिको निर्णय प्रति असहमति जनाउँदै पुनरावेदनको लागि दिने निवेदन

श्री अध्यक्षज्यू,
राष्ट्रिय बीउ बिजन समिति
राष्ट्रिय बीउ बिजन समितिको सचिवालय
हरिहरभवन, ललितपुर ।

**विषयः क्षतिपूर्तिको निर्णय पुनरावलोकन गरी पाउँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा बीउ बिजन गुणस्तर नियन्त्रण केन्दका प्रमुखको संयोजकत्वमा गठित मूल्याङ्कन समितिको मिति ......................., च.नं. ........को प्राप्त पत्रबाट क्षतिपूर्ति सम्बन्धमा भएको निर्णयको व्यहोरा अवगत भयो। उक्त निर्णयमा मेरो/हाम्रो चित्त नबुझेकोले तपसिलमा उल्लिखित भए बमोजिमका कारणहरू देखाई क्षतिपूर्ति निर्धारण पुनरावलोकनको लागि निवेदन गर्दछु/ छौँ ।

**बोधार्थ**

श्री .....................................
..........................................
श्री .....................................
..........................................

**तपसिल**

१)
२)
३)
४)

**निवेदक**

नाम थर :
सही :
पद :
मिति :

# जफत गरिएको बीउ बिजन मूल्याङ्कन तथा नष्ट गर्ने निर्देशिका, २०७३

(नेपाल सरकारबाट स्वीकृत मितिः २०७३/५/१५)

**प्रस्तावना :** नेपाल भित्र गुणस्तरहीन एवम् अनधिकृत तवरबाट बिक्री वितरण भई जफत गरिएका बीउ बिजनलाई उचित तवरबाट मूल्याङ्कन तथा नष्ट गर्न वाञ्छनीय भएकोले, बीउ बिजन नियमावली, २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो निर्देशिका बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "जफत गरिएको बीउ बिजन मूल्याङकन तथा नष्ट गर्ने निर्देशिका, २०७३" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०६९ सम्झनु पर्छ ।

(ग) "जफत गरिएको बीउ बिजन" भन्नाले बाली निरीक्षकले कानुन बमोजिम जफत गरेको बीउ बिजनलाई सम्झनु पर्छ।

(घ) "उपचारित बीउ बिजन" भन्नाले बीउ बिजनलाई रोग एवम् कीराहरूबाट जोगाउन रोगनाशक तथा कीटनाशक बिषादी मिसाइएको बीउ बिजनलाई सम्झनु पर्छ।

(ङ) “मूल्याङ्कन” भन्नाले जफत गरिएको बीउ बिजनको वास्तविक गुणस्तर पहिचान तथा मूल्य तोक्ने कार्यलाई सम्झनु पर्छ ।

(च) “नष्ट” भन्नाले कुनै पनि बीउ बिजन पुनः प्रयोग गर्न नसकिने गरी सडाउने, गलाउने वा जलाउने कार्य सम्झनु पर्छ ।

(छ) “मूल्यांकन समिति” भन्नाले जफत गरिएको बीउ बिजन मुल्यांकन तथा नष्ट गर्ने समितिलाई सम्झनु पर्छ ।

(ज) “कार्यालय” भन्नाले जिल्ला कृषि विकास कार्यालय सम्झनु पर्छ ।

३. **<u>मूल्याङ्कन समितिको गठन</u> :** (१) जफत गरिएको बीउ बिजन मूल्याङ्कन तथा नष्ट गर्न सम्बन्धित जिल्लाका पदाधिकारीहरू रहने गरी देहाय बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| (क) वरिष्ठ कृषि विकास अधिकृत, | |
| जिल्ला कृषि विकास कार्यालय | संयोजक |
| (ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (घ) प्रतिनिधि, जिल्ला न्यायाधिवक्ताको कार्यालय | सदस्य |
| (ङ) सम्बन्धित बाली निरीक्षक | सदस्य-सचिव |

४. **<u>मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार</u> :** (१) मूल्यांकन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) ऐन तथा नियमावली बिपरित भई जफत भएको बीउ बिजन बीउको रुपमा प्रयोग गर्न सकिने, खायनमा विक्रि गर्नु पर्ने वा नष्ट गर्नु पर्ने कुन प्रकृतिको हो छुट्टयाउने ।

(ख) जफत भएको बीउ बिजन मूल्याङ्कन समितिले बीउको रुपमा प्रयोग गर्न सकिने वा खायनमा विक्रि गर्नु पर्ने भए मूल्याङ्कन गर्ने तर बीउको रुपमा प्रयोग गर्न नमिल्ने र विषादीबाट उपचारित छ भने नष्ट गर्ने उपाय पहिचान गर्ने ।

(ग) जफत भएको बीउ बिजन बीउको रुपमा प्रयोग गर्न सकिने मूल्याङ्कन समितिलाई लागेमा समितिले त्यस्तो बीउको गुणस्तर परीक्षण गराउन सक्नेछ ।

(घ) जफत भएको बीउ बिजन बीउको रुपमा प्रयोग गर्न नमिल्ने र विषादीबाट उपचारित छ भने त्यस्तो बीउ बिजन दफा ८ मा उल्लिखित प्रक्रिया अवलम्बन गरी नष्ट गर्ने र सो को जानकारी अनुसूची-१ को ढाँचामा कार्यालयलाई दिनु पर्नेछ । कार्यालयले जफत भएको बीउ बिजन नष्ट गरिएको जानकारी नियमावलीको नियम ३२, खण्ड (छ) मा उल्लिखित सबै सरोकारवालालाई दिनु पर्नेछ ।

(ङ) जफत गरिएको बीउ बिजन यदि विषादीबाट उपचारित छैन भने उक्त बीउ बिजनको परिमाण, भौतिक अवस्था, बजारमा वेचविखन गर्न सकिने अवस्था समेतको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ ।

(च) जफत भएको बीउ बिजनको मूल्याङ्कन सहितको प्रतिवेदन तयार गरी कार्यालयलाई दिनु पर्नेछ । कार्यालयले मूल्याङ्कन समितिबाट प्राप्त प्रतिवेदनको जानकारी नियमावलीको नियम ३२, खण्ड (छ) मा उल्लिखित सबै सरोकारवालालाई दिनु पर्नेछ ।

(छ) बीउ बिजनको मूल्याङ्कनपछि दफा १० मा उल्लिखित प्रक्रिया अवलम्बन गरी लिलाम बिक्री गरिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कार्यहरू गर्न मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिले नियमावलीको नियम १० मा व्यवस्था गरिएका उपसमितिहरूको बैठक सम्बन्धी कार्यविधि अवलम्बन गर्न सक्नेछ ।

५. **बीउ बिजन मूल्याङ्कन तथा नष्ट गर्ने समयावधि :** मूल्याङ्कन समितिले जफत भएको बीउ बिजन मूल्याङ्कन तथा नष्ट गर्ने जानकारी प्राप्त गरेको एक हप्ता भित्र मूल्याङ्कन गरी बिक्रि गर्ने वा नष्ट गर्ने प्रक्रिया सुरु गर्नु पर्नेछ ।

६. **जफत गरिएको बीउ बिजन भण्डारण गर्ने :** (१) बाली निरीक्षकले जफत गरेको बीउ बिजन सीलबन्दी गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) कार्यालयमा बुझाउनु पर्ने बीउ बिजनको परिमाण धेरै भई कार्यालयमा भण्डारण गर्न सम्भव नभएको अवस्थामा कार्यालयको तर्फबाट बुझि लिने कर्मचारीले अनुसूची-२ अनुसार मुचुल्का गरी सम्बन्धित बीउ बिजन व्यवसायीकै भण्डारमा भण्डारण गर्न सक्नेछन् ।

७. **बीउ बिजन नष्ट गर्ने स्थान :** (१) बीउ बिजन नष्ट गर्ने स्थान सुरक्षित र रेखदेख पुग्ने हुनु पर्छ। सम्भव भएसम्म सरकारी कार्यालय वा गोदाम कम्पाउण्ड वा सरकारी फार्मको कम्पाउण्ड भित्र बीउ बिजन नष्ट गर्नु पर्छ।

(२) उपदफा (१) बमोजिमको स्थानमा बीउ बिजन नष्ट गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्नेछ।

(क) बीउ बिजन नष्ट गर्दा वातावरणमा पर्न सक्ने प्रभावलाई ख्याल राख्नु पर्नेछ।

(ख) बीउ बिजन नष्ट गर्ने स्थान सुरक्षित र स्वस्थकर हुनु पर्छ।

(ग) नष्ट गर्नुपर्ने परिमाण अनुसार क्षेत्रफल पर्याप्त हुनु पर्छ।

८. **बीउ बिजन नष्ट गर्ने विधि :** बीउ बिजन नष्ट गर्दा देहाय बमोजिको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(क) नष्ट गर्नु पर्ने बीउ बिजन ५ मे.टनसम्मको लागि ४ मी. x ३ मी. x २ मी. को र ५ देखि १० मे.टनसम्मको लागि ४ मी. x ३ मी. x ३ मी. को खाडल खनी गाडिनेछ। १० मे.टनभन्दा बढी बीउ एक खाडलमा गाडिने छैन। तरकारी तथा अन्य कम आयतन र परिमाण भएका बीउलाई आवश्यकता अनुसारको खाडल खनी गाड्नु पर्नेछ।

(ख) बीउ बिजन खाल्डोमा राख्दा बीउ प्याकिङ्ग गरिएका सामग्रीहरूबाट अलग गरी बीउ बिजनमा ५० प्रतिशत माटो मिसाई ५ के.जी. युरिया मल र ५ के.जी. चुन प्रति मे.टन बीउका दरले राखी खाल्डोमा खन्याउने। प्रत्येक

१ फिट गहिराई पुगेपछि बीउ बिजनलाई पानीले राम्रोसँग भिजाउँदै बीउ बिजन थप्दै जाने ।

(ग) बीउ बिजन खाडलमा राखी सकेपछि उक्त खाल्डोलाई माटोले घटिमा ३ फिटसम्म पुर्नु पर्छ ।

(घ) बीउ बिजन खन्याएर बाँकी रहेका बीउ बिजन प्याकिङ्ग सामग्रीहरू जस्तैः बोरा, प्लाष्टिक, थैला, आदिलाई मट्टितेल हाली जलाउनु पर्छ र खरानी बटुली सोही खाल्डोमा पुरी दिनु पर्छ । नजल्ने खालका टिन, क्यान, आदिलाई सोही खाल्डोमा गाड्नु पर्छ ।

(ङ) बीउ बिजन गाड्नु अघि बीउ गाड्ने खाल्डोको नाप नक्सा अनुसूची-३ मा उल्लिखित मुचुल्कामा खुलाउनु पर्नेछ । बीउ बिजन गाडी सकेपछि बीउ बिजन गाडेको तथा प्याकिङ्ग सामग्रीहरू नष्ट गरेको मुचुल्का अनुसूची-३ बमोजिम उठाउनु पर्नेछ ।

९. **बीउ बिजन लिलाम बिक्री गर्ने प्रक्रिया :** (१) जफत गरिएको बीउ बिजन मूल्याङ्कन पछि बीउ बिजनको रुपमा पुनः प्रयोग गर्न सकिने वा खायनको रुपमा प्रयोग गर्न सकिने खालको भएमा लिलामी प्रक्रियामा जानु पर्नेछ । लिलाम बिक्री गर्दा मूल्याङ्कन समितिले लिलाम बिक्री हुने भन्दा १५ दिन अगावै देहायका कुराहरू खुलाई स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । सम्बन्धित जिल्लामा स्थानीय पत्रपत्रिका नभएको अवस्थामा सबैले देख्न सक्ने उपयुक्त स्थान र कार्यालयमा लिलाम बिक्री गर्ने सूचना टाँस गर्नु पर्नेछ ।

(क) बीउ बिजनको विवरण

(ख) लिलाम बढाबढ हुने स्थान, मिति र समय

(ग) बढाबढ सुरु हुने न्यूनतम् मूल्य

(घ) लिलाम सकार गर्दा कबोल अङ्को ५० प्रतिशत धरौटी बापत नगद वा बैक जमानत राख्नु पर्ने कुरा

(२) लिलाम बढाबढ गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने वोलवालालाई स्वीकार गर्नु पर्छ ।

(ख) लिलाम सकार गर्ने व्यक्ति वा संस्थाले आफूले कबोल गरेको अङ्कको ५० प्रतिशतका दरले हुन आउने रकम सोही दिन कार्यालयमा बुझाउनु पर्नेछ ।

(ग) लिलाम सकार गर्ने व्यक्ति वा संस्थाले आफूले बुझाउन पर्ने कूल रकम मध्ये धरौटी वापत जम्मा गरेको नगद वा बैंक जमानत मिलान गरेको रकम कट्टा गरी बाँकी हुन आउने रकम एकमुष्ठ बुझाई सात दिन भित्र सामान उठाई लैजानु पर्छ ।

(घ) लिलाम सम्बन्धी अन्य प्रक्रिया आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम हुनेछ ।

**१०. <u>निर्देशिका संशोधन तथा हेरफेर</u> :** यो निर्देशिका नेपाल सरकारको स्वीकृतिमा राष्ट्रिय बीउ बिजन समितिले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

## **बीउ बिजन नष्ट गरेको विवरण**

| क.सं. | बाली | जात | बीउ बिजनको स्तर | लट नं. वा संकेत | परिमाण (.......) | जफत मिति | नष्ट गरेको स्थान र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमाणित गर्ने :

नाम :...............................

पद : वरिष्ठ कृषि विकास अधिकृत

दस्तखत :........................

कार्यालय : जि.कृ.वि.कार्यालय,....................

मिति :..........................

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**जफत गरिएको बीउ बिजन भण्डार सीलबन्दी गरेको मुचुल्का**

बीउ बिजन नियमावली, २०६९ को नियम ३२ को खण्ड (घ) बमोजिम बाली निरीक्षक श्री............................................................ले जफत गरेको श्री ..............................................को तपसिल अनुसारको बीउ बिजन राखेको भण्डार निम्नानुसारका २ जना साक्षीको उपस्थितिमा सीलबन्दी गरी मुचुल्का गरिएको छ ।

तपसिल

| क.सं. | बाली | जात | बीउ बिजनको स्तर | लट नं. वा संकेत | परिमाण (........) | जफत मिति | भण्डार सीलबन्दी गरेकोस्थान र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**उपस्थिति :**

श्री ...............................................................................................

श्री ...............................................................................................,.

**बाली निरिक्षकको**

दस्तखत : ......................................

नाम : .........................................., जिल्ला कृषि बिकास कार्यालय, ...................

पद :...................................................

**बुझीलिनेको :**

दस्तखत : .............................................

नाम, थर ........................................... पद : .................................

मिति : .............................................

अनुसूची-३

(दफा ८ को खण्ड (ङ) सँग सम्बन्धित)

## जफत गरिएको बीउ बिजन नष्ट गरेको मुचुल्का

बीउ बिजन नियमावली, २०६९ को नियम ३२ को खण्ड (घ) बमोजिम बाली निरीक्षकले जफत गरी जि.कृ.वि.कार्यालय ......................को जिम्मा रहेको तपसिलको विवरण अनुसारको बीउ बिजन नष्ट गरिएको छ ।

तपसिल

| क्र.सं. | बाली | जात | बीउ बिजनको स्तर | लट नं. वा संकेत | परिमाण (........) | जफत मिति | नष्ट गरेको स्थान र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

खाडलको नाप :

नक्शा :

**उपस्थिति :**

| नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|
| क) ........... | वरिष्ठ कृषि विकास अधिकृत | जि.कृ.वि.का. | ........... |
| (ख) .............. | प्रतिनिधि | जि.प्र.का. | ........... |
| (ग)................. | प्रतिनिधि | को.ले.नि.का. | ........... |
| (घ).................. | प्रतिनिधि | जि.न्या.का. | ........... |
| (ङ) .............. | सम्बन्धित बाली निरीक्षक | जि.कृ.वि.का. | ........... |